**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**आ.व. २०८०/८१ को लागि ढुङ्गा, गिटी, वालुवा, उत्खनन्, संकलन, बिक्री कर उठाउने सम्बन्धी**

**(बढावढ) बोलपत्र आव्हानको सूचना !**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/१७**

यस गाउँपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को उपदफा १ (च) तथा कोशी प्रदेश आर्थिक अध्यादेश २०८० को अनुसुची ५ मा भएको व्यवस्था बमोजिमको र रौतामाई गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका ठेक्का(**रौतामाई गा.पा.क्षेत्र भित्र प्रयोजनको लागि मात्र**) बोलपत्र (बढावढ) मार्फत बन्दोबस्त गर्नुपर्ने भएकाले ३० दिने अवधि राखी पहिलो पटकको लागी यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरुको अधिनमा रहि बोलपत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहाय

**रौतामाई गाउँपालिका क्षेत्र भित्रका खोला तथा नदीहरुवाट उत्खनन गरिने नदि जन्य पदार्थको विवरण**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | IEE प्रतिवेदनका आधारमा उत्खनन गरिने खोलाहरु | उत्खनन गरिने वस्तु | उत्खनन गरिने वस्तुको आयतन (घ.फी.) | न्यूनतम ठेक्का रकम रू. (मु.अ. कर बाहेक) | प्रति क्यू. फिट दर रू. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०९-०८०/०८१ | ढुङ्गा, गिट्टी र बालुवा निकासी शुल्क संकलन | *त्रियुगा* (तेलतेलेदेखि मसाने सम्म), *छौडिया* (गुरासेदेखि त्रियुगा दोभान सम्म) र *पुँवारे खोला* (चिउरीवासदेखि त्रियुगाखोलाको दोभान सम्म)वडा नं. ७ | ढुंगा, गिट्टी, वालुवा | २५९८९२.०० | १८,१९,२४४/- | ७/- | ३,०००/- |
| २ | १०-०८०/०८१ | | रसुवाखोला (हुल्मा रसुवा दोभानदेखि जागिर भित्ताको पुच्छार सम्म) रौतामाई गा.पा २,४ र ८ वडाका लागि खारीखोला (भुटारदेखि रसुवा खोला दोभानसम्म -२ | ढुंगा, गिट्टी, वालुवा | २०३५२०.९५ | १४,२४६४६/- | ७/- | १,०००/- |
| ३ | ११-०८०/०८१ | | वडा न ५ राकुली खोला (जरुवादेखि ठूलो निकाससम्मको विभिन्न बगरक्षेत्रको क्षेत्रबाट) | ढुंगा, गिट्टी, वालुवा | १११०१४६.०० | ७७,७१,०२२/- | ७/- | ३,०००/- |

शर्तहरु :

१ प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (कार्यालय समय सम्ममा) *रु.३०००/० र रु.१०००/०* रकम *(पछि फिर्ता नहुने गरी)* बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नं. (मु.अ.कर सहित), र आ.व.२०७९/०८० (वा Extension letter) सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न राखी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट बोलपत्र फाराम(BOQ) खरिद गर्न सक्नेछ

**प्रमुख प्रशासकीय अधिकृत**

२ बोलपत्र फाराम आफूले कबोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको रैतामाई स्थित प्रभु बैंकमा धरौटी खाता नं. **215015239600018**3 मा जम्मा गरी सो को सक्कल वैङ भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्नेछ। धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३ खरीद भएका बोलपत्रहरुको (BOQ) प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खामवाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ।

४ दर्ता हुन आएका बोलपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहोवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५ बोलपत्र (BOQ) खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट तत् तत् समयमा गरिनेछ।

६ बोलपत्र फाराम भर्दा आफूले कबोले गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७ सवैभन्दा बढी अंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

८ बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित बोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ। सो अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन:बोलपत्र आव्हान गर्ने अधिकार रैतामाई गाँउपालिका कार्यालयमा सुरक्षित रहनेछ।

९ बोलपत्र दाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कवोल गरेको कूल रकम **(भ्याट समेत जोडी)** तीन किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ। सो दुई किस्ता बापतको दोश्रो किस्ता रकम २०८० फाल्गुन मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बापतको रकम २०८१ वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ।

१० सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ६० प्रतिशत रकमको २०८१ भाद्र मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलनपूर्जी दिईनेछ।

११ कुनै पनि शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१२ ठेकेदारले सम्झौताको बखत आफूले कवोल गरेको रकमको नगदै वा कवोल अंक बराबरको बैंक भौचर पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ। साथै उक्त समयमै नियमानुसारको आयकर तथा मू.अ.कर समेत कार्यालयमा बुझाउनुपर्नेछ।

१३ नदि जन्यपदार्थ उत्खनन्, संकलन, बिक्री तथा निकासी गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नुपर्नेछ।

१४ कर/शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१५ कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधि भित्र रही रौतामाई गाउँपालिकाको कार्यालय भुट्टार, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ ।

१६ सम्मानित अदालत, नेपाल सरकार, रौतामाई गा.पा.को नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ । अदालतको आदेशको पालनाको वा नीति निर्देशनको कारणबाट कुनै क्षतिहानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले रौतामाई गा.पा.सँग गर्न पाउने छैन ।

१७ यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र(BOQ) फारामलाई मान्यता दिईने छैन ।

१८ बन्द, हडताल, चक्काजाम वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन ।

१९ ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८१ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

२० नदि जन्यपदार्थ उत्खनन्, संकलन गरी विक्री गरेको परिमाण ३/३ महिनामा ठेकेदारले अनिवार्य रुपमा रौतामाई गा.पा.मा पेश गर्नुपर्नेछ ।

२१ ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादन स्थल वा तोकेको संकलन केन्द्रमा प्रदेशसभा बाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।

२२ सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी विक्री वितरण गर्न पाउने छैन र यदि तोकिएको पमिाण भन्दा बढी उत्खनन् गरेको पाइएमा प्रचलित ऐन,नियम अनुसार कार्वाही हुनेछ । ***साथै उत्खनन् गरिएका नदिजन्य पदार्थ रौतामाई गा.पा.को क्षेत्र भन्दा बाहिर निकासी गर्न पाइने छैन ।***

**२३ नदी तथा खोला खहरेहरुमा बाढी पहिरोका कारणले नदि जन्य सामाग्री थुप्रिन गई सो कारणले क्षती हुने सम्भावना भएमा जिल्ला विपत व्यवस्थापन समितिको निर्णयानुसार पन्छाउने र सो को राजश्व गाउँपालिका आफैले लिने छ ।**

**२४ नम्बरी आवादी जग्गामा प्रकृया पुर्याई उत्खनन गरेको तथा खोला, नदी भन्दा वाहिरको क्षेत्रमा उत्खनन गरिएको ढुङ्गा गिटि वालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन ।**

२५ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम,कानुन अनुसार हुनेछ ।

२६ विस्तृत जानकारीका लागि रौतामाई गाउँपालिका भुट्टार, उदयपुरको Website वा रौतामाई गा.पा.को सम्पर्क व्यक्ति नं.९८४२८९१७४३ र ९८४७४६३७७७ मा सम्पर्क गर्न सकिनेछ ।

रौतामाई गाउँपालिका,

भुट्टार उदयपुर ।

प्रमुख प्रशासकीय अधिकृत